म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७३ बिहीबार १८ माघ २०८० ने. सं. ११४४ पोहेलागा 1 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीका पूर्वमन्त्री पौडेलको गाडीको ठक्करबाट मृत्यु

हेटौँडा, १७ माघ/बागमती प्रदेशका पूर्वमन्त्री बलराम पौडेलको गाडीको ठक्करबाट ज्यान गएको छ । नवलपुरको गैंडाकोटमा उनी सवार ना ४६ व ७७५९ नम्बरको मोटरसाइकललाई ग १ ख ८५४७ नम्बरको जन्ती बोकेको बसले ठक्कर दिएको थियो ।

बसको ठक्करबाट घाइते भएका ६७ वर्षीय पौडेललाई भरतपुर अस्पताल लगिएकोमा उपचारका क्रममा ज्यान गएको प्रहरीले जनाएको छ । पौडेल २०७८ पुसमा बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री भएका थिए ।

भरतपुर महानगरपालिका-१७ बनगाई निवासी उनी नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि हुन् । नेता पौडेलका श्रीमती, दुई छोरा र एक छोरी छन् ।

# हेटौंडा कपडा उद्योग फेरि सञ्चालन गर्ने सरकारको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ प्रधानमन्त्री पुष्पकमल दाहालले बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनका लागि नेपाली सेनासँग छलफल गरेका छन् । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा उच्चस्तरीय छलफलको आयोजना गरी प्रधानमन्त्री दाहालले कपडा उद्योग पुन: सञ्चालनका लागि नेपाली सेनाले गरेको सम्भाव्यता अध्ययनको बिफ्रिङ लिएका हुन् ।


नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विगतमा सञ्चालन भएर वर्तमानमा बन्द अवस्थामा रहेका उद्योगहरु पुन: सञ्चालन गर्ने व्यवस्था गरिएबमोजिम नेपाली सेनाले उद्योग पुन: सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो । वि.सं. २०३२ सालमा चीन सरकार को आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना भएको हेटौंडा कपडा उद्योग वि.सं. २०५६ सालदेखि उत्पादन बन्द भएपछि २०५९ सालमा तात्कालीन शाही सरकारले उद्योग बन्द गर्ने निर्णय गरेको थियो ।

सरकारले उद्योग पुन: सञ्चालनको विषय नीति तथा कार्यक्रममा समावेश गरेपश्चात नेपाली सेनाले यसको सम्भावना अध्ययन गरेको हो । प्रतिवेदनको सारसंक्षेप नेपाली सेनाले बुधबार प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको छ । अध्ययन प्रतिवेदनमा बजार व्यवस्थापन हुन नसक्नु, प्रविधिको समयसापेक्ष आधुनिकीकरण हुन नसक्नु, लोडसेडिङको अवस्था हुनु, आवश्यकताभन्दा धेरै जनशक्ति हुँदा आर्थिक भारपर्नु र व्यवस्थापकीय क्षमतामा कमिहुनु आदि कारणले विगतमा उद्योग बन्द हुन पुगेको निष्कर्ष निकालेको छ ।

प्रतिवेदनमा उद्योगका विद्यमान केही संरचना र मेसिनहरु मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको, उद्योग सञ्चालनका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषको बजेट पर्याप्त रहेको, उद्योगको स्वामित्वमा १६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको, उद्योग सञ्चालनका लागि अधिकांश कच्चापदार्थ देशभित्रै उपलब्ध रहेको तथा नेपाली सेना, प्रहरी, सरकारी कर्मचारी, विद्यार्थीका लागि पोशाकको माग उद्योगले परिपूर्ति गर्न सक्ने भएकाले बजारका लागि कुनै समस्या नभएको उल्लेख छ ।

प्रतिवेदनले उद्योग पुन: सञ्चालनको आवश्यकता र औचित्य समेत निक्यौंल गरेको छ । जसअनुसार उद्योग पुन: सञ्चालन गर्दा विगतको औद्योगिक शाख कायम हुने, मुलुकको औद्योगिक क्षेत्रको विकास र कुल ग्राहस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने, विश्व बजारमा औद्योगिक सन्देश जाने, आयत प्रतिस्थापन र आत्मनिर्भरतामा अभिवृद्धि हुने, रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुने भएकाले युवा पलायन रोक्न सकिने निष्कर्ष छ ।

अध्ययन कार्यदलले उद्योग पुन: सञ्चालनको मोडालिटीसमेत प्रस्ताव गरेको छ । तीनवर्षे कार्यतालिकासहितको प्रस्तावित मोडालिटीमा अनुमानित २६ लाख मिटर कपडा उत्पादनका लागि आर्थिक वर्ष २०८०/८१ मा



नीतिगत निर्णय गरी नेपाली सेनालाई उद्योगको हस्तान्तरण, डिपिआर निर्माण, नयाँ मेसिनरी सामानको छनोट र खरिदको काम सम्पन्न गर्ने उल्लेख छ । त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम सम्पन्न गरी परीक्षण गर्ने प्रस्तावित मोडालिटीमा उल्लेख छ । त्यस्तै आ.व. २०८२/८३ मा मेसिनहरु थप गर्ने, उद्योगको क्षमता बिस्तार गर्ने, बुटवल धागो कारखाना सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चापदार्थको व्यवस्था र नियमित उत्पादन सुरु गर्ने प्रस्ताव गरिएको छ ।

प्रतिवेदनमा उद्योग पुन: सञ्चालनका लागि १ अर्ब ९३ करोड रुपैयाँ लागत लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । वार्षिक सञ्चालन खर्च करिब ७८ करोड लाग्ने प्रतिवेदनमा प्रारम्भिक अनुमान गरिएको छ । उद्योग पुन: सञ्चालन गर्दा ९ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने कार्यदलको निष्कर्ष छ । कार्यदलले उद्योग पुन: सञ्चालनका निम्ति नेपाल सरकारको नीतिगत र कानुनी सहयोगको समेत प्रस्ताव गरेको छ । जसअनुसार उद्योग पुन: सञ्चालनका लागि नीतिगत र कानुनी प्रक्रियामा सहयोग हुनुपर्ने, हालसम्मको दायित्व फरफारक गरी उद्योगको स्वामित्व नेपाली सेनामा हस्तान्तरण गर्नुपर्ने, उद्योगबाट उत्पादित कपडाको खपत सरकारी निकायमा गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्नेलगायतका विषय समावेश गरेको छ ।

ब्रिफिङपछिको बैठकमा बोल्दै प्रधानमन्त्री दाहालले हेटौंडा उद्योग पुन: सञ्चालनमा केन्द्रित भएर नेपाली सेनाले गरेको अध्ययन महत्वपूर्ण भएको बताए । प्रधानमन्त्री दाहालले भने, 'नेपाली सेनाले राम्रो अध्ययन गरेको छ । यसबारे राजनीतिक तहमा पनि एकचरण छलफल गर्छु । अध्ययनका निम्ति सरकारको तर्फबाट पनि सानो टिम बनाएर जान सकिन्छ । त्यसपछि मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौँ ।'

### पटक-पटक चर्चा मात्रै

हरेक पटक सरकार परिवर्तन भएसँगै कपडा उद्योगको भविष्यबारे चर्चा भइरहेको भएपनि हालसम्म ठोस काम भएको छैन । डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले उद्योग संचालन गर्न ८ करोड रुपैयाँ छुट्याएको थियो । ७ करोड रुपैयाँ खर्चेर मेसिन मर्मत गरी उत्पादनको परीक्षण भएपनि आवश्यकताअनुसार कपास उपलब्ध नभएको भन्दै उद्योग संचालनमा आउन सकेन ।

२०६६ कात्तिकमा उद्योगलाई दोस्रो पटक लिक्विडेसनमा लैजाने प्रक्रिया अगाडि बढाइएको थियो । २०६९ माघ १२ को मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ति सेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्ने निर्णय गरेको थियो । हेटौंडा औद्योगिक क्षेत्रभित्र २३६ रोपनी जग्गामा कपडा उद्योग र २५६ रोपनी जग्गामा आवास रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

उद्योगमा हाल सशस्त्र प्रहरी बलको गण नम्बर १४ को कार्यालय छ । त्यहाँ ३०० भन्दा बढी सुरक्षाकर्मी बसिरहेका छन् । उद्योगको आवासीय क्षेत्रको जग्गामा भने नयाँ औद्योगिक क्षेत्र स्थापना गरिएको छ । यो क्षेत्रमा नयाँ ५० उद्योग स्थापना गर्न सकिने गरी सबै जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योग स्थापनाका लागि उद्योगीलाई दिएको छ । कुल ३ हजार ११९ रोपनी क्षेत्रफलमा हेटौंडा औद्योगिक क्षेत्र फैलिएकोमा हाल ११० वटा उद्योग संचालनमा छन् ।


## घर तथा फ्याट भाडामा

३० धुर जग्गा रहेको ५ कोठा भएको र चार पाँच वटा गाडी पार्किङ्ग गर्न मिल्ने सुविधा सम्पन्न भएको घर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

सम्पर्कका लागी

सम्पर्क नं. ९८६०६७६०५१, ९८६५०३२००६

हेटौंडा-१, स्वर्गलोकपथ, सहकारी अस्पतालको पछाडी

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३


# हेटौंडा-काभ्रे जोड्ने सडक स्तरोन्नति तीब्र

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/बिपी लोकमार्गलाई प्रदेश राजधानी हेटौँडासँग जोड्नका लागि 'जनमुक्ति मार्ग' अन्तर्गत विभिन्न सडक खण्डको स्तरोन्नति तथा कालोपत्रे गर्ने कामलाई तीव्रता दिइएको छ । प्रदेश राजधानीसम्म सडक मार्ग जोडी छोटो दुरीमा हेटौंडा पुग्नका लागि जनमुक्ति मार्ग अन्तर्गत हाल तीन चरणमा सडक स्तरोन्नति र कालोपत्रे गर्ने कार्य अघि बढाइएको हो ।

पूर्वाधार विकास कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख सिनियर डिभिजनल इन्जिनियर (सिडिई) राजु श्रेष्ठले बिपी लोकमार्गलाई प्रदेश राजधानी हेटौँडासम्म सडक सञ्जालमा जोड्नका लागि हाललाई तीन चरणमा काम भइरहेको बताए । उनले बिपी मार्ग र हेटौंडा जोड्ने मदन भण्डारी मार्गसम्म जोड्नका लागि पहिलो चरणमा पिन्थली-रजबास-भूमिचूली-बुढाखानी-तीनखुट्टे १७ किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रे गर्ने काम तीब्रगतिमा भइरहेको बताए ।

श्रेष्ठले सडक स्तरोन्नति तथा कालोपत्रेका लागि ६० करोड रुपैयाँमा ठेक्का सम्झौतापछि काम भएकोले समपूरक अनुदानतर्फ चालु आर्थिक वर्षका लागि संघीय सरकारले २० करोड र प्रदेश सरकारले २० करोड रुपैयाँ विनियोजन गरेको बताए । सिडिई श्रेष्ठले जनमुक्ति मार्ग अन्तर्गत नै महाभारत गाउँपालिकाको तीनखुट्टेदेखि गाउँपालिकाको केन्द्र देविटारसम्मको साढे आठ किलोमिटर सडक कालोपत्रे काम भएको जानकारी दिए ।

यसैगरी तीनखुट्टेदेखि देविटार सडक कालोपत्रेका लागि चालु आर्थिक वर्षका लागि चार करोड रुपैयाँ बजेट विनियोजन भएको छ । उनले बिपी लोकमार्गदेखि हेटौंडा जोड्ने सडकको स्तरोन्नति र कालोपत्रेका लागि तेस्रो चरणमा महाभारत गाउँपालिकाको केन्द्र देविटारदेखि-घर्तीछाप-गोकुलेसम्मको नौ किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रेको काम सुरु भएको बताए । ३९ करोड रुपैयाँमा निर्माण हुने यो सडक खण्डमा चालु आर्थिक वर्षका लागि सात करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।

कार्यालयले जनमुक्ति मार्ग अन्तर्गत काभ्रेको खानीखोला गाउँपालिकाको केन्द्र तालढुंगादेखि मकवानपुरको सीमाना सिक्रेदोभान सम्मको चार किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रेका लागि स्रोत सुनिश्चितता भएकोले सडक खण्डको कामको लागि दुई साताभित्र बोलपत्र आह्वान गरिने जनाएको छ । महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बिपी लोकमार्गलाई प्रदेश राजधानी जोड्नका लागि जनमुक्ति मार्ग महाभारत गाउँपालिकाभित्र हाल करिब ३५ किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रेको काम सुरु भएको बताए ।

अध्यक्ष जिम्बाले जनमुक्ति मार्गको अन्य सडक खण्डमा काम भइरहेपनि तीनखुट्टेदेखि देविटार सम्मको सडक कालोपत्रे गर्ने काममा निर्माण व्यवसायीले लापरबाही गरिरहेको बताए । बिपी लोकमार्ग र हेटौंडालाई सडक सञ्जालमा जोड्नका लागि काभ्रेपलान्चोकतर्फ बिपी लोकमार्गदेखि पिन्थलीसम्मको करिब आठ किलोमिटर, महाभारत गाउँपालिकाको गोकुलेदेखि-खानीखोला गाउँपालिकाको केन्द्र तालढुंगासम्मको करिब ११ किलोमिटर सडकको काम गर्न बाँकी छ । यस्तै मकवानपुरतर्फ मकवानपुरको भ्रुरभ्रुरे-भोर्लेनी-सिक्रेदोभानसम्मको करिब १३ किलोमिटर सडक निर्माणको काम गर्न बाँकी रहेको छ ।




साझाकुरा

## हाम्रो कुरा

# महत्वाकांक्षी बहुउद्देशीय भवन

ठेक्का लागेर पनि बिबादमा आएपछि निर्माण कार्य अलपत्र परेको हेटौंडा-४ हुप्रचौरमा बहेद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाइने भएको छ । हेटौंडा उपमहानगरको ३८ औं कार्यपालिका बैठकले हुप्राचौरमा बहुउद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो । कार्यपालिका बैठकले निर्माण कार्य अवरुद्ध भएको बहुउद्देशीय ब्यावसायिक भवन केहीदिन भित्रै निर्माणकार्य सुरु गर्ने निर्णय गरेको हो । निर्माण प्रक्रियामा आएको अवरोध हटेपछि उपमहानगरले पुरानै बोलपत्रअनुसार तत्काल निर्माण कार्य थालनी गर्ने निर्णय गरिएको छ । शाहीकालका नगर प्रमुख मधु अधिकारीले 'दीपेन्द्र सभागृह' का नाममा सभागृह निर्माण थालनी गरेका थिए । तत्कालीन राजा बीरेन्द्रको शालिक पनि स्थापना गरिएको थियो । त्यही बीरेन्द्रको शालिक हटाउने बिषयमा स्थानीयबासीसँग असमझदारी बढेर निर्माण कार्य अबरुद्ध बनेको थियो ।

शाहीकालका नगरप्रमुखले सुरु गरेको योजना भनेर लोकतन्त्रबादी दलहरुले अपनत्व लिन सकेनन् । पछि २०६२/६३ को आन्दोलन सहीद भएका बासुदेव घिमिरको स्मृतिमा यो सभागृहको नाम परिवर्तन गरी बासुदेव सभागृह राखियो । मुलुकको शासकीय स्वरुप परिवर्त भएर संघीयतामा गएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित नगरप्रमुख हरिबोल महतले बहुउद्देशीय ब्यावसायिक भवन निर्माण गर्ने महत्वाकांक्षी योजना अघि सारेका थिए । उपमहानगरपालिकाले बोलपत्र स्वीकृत गरेपछि तत्कालीन राजा बीरेन्द्रको शालिक भत्काउने बिषयमा समस्या आएर बहुउद्देशीय भवन निर्माण प्रक्रिया अबरुद्ध बनेको थियो । हेटौंडा-४ का वडाध्यक्ष नबीन सिग्देलको संयोजकत्वमा गठन भएको समितिले अध्ययन गरी स्थानीयसँग रायसुझाव सहितको प्रतिबेदन उपमहानगरपालिकालाई बुझाएको छ । तत्कालीन राजा बीरेन्द्रको शालिक उपयुक्त स्थानमा राख्ने गरी सहमति जुटेको प्रतिबेदन उपमहानगरमा आएपछि कार्यपालिका बैठकले बहुउद्देशीय भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको बताइएको छ । बिगतमा भवन निर्माण पक्रियामा देखिएको अवरोध सबै हटेर समाधान भएकोले कार्यपालिकाले यो निर्णय गरेको बताइएको छ । २०६० सालतिर निर्माण सुरु भएर तीन वर्षसम्म लगातार स्थानीय विकास मन्त्रालयको जगेडा कोषको एक करोड ३० लाख रुपैयाँ खर्च गरिएको थियो, सभागृहमा । त्यसपछि सभागृह निर्माणको काम अघि बढ्न सकेको थिएन । त्यसैले सभागृहलाई सुधारका साथ अघि बढाएर लैजान तत्कालीन समयमा करिब चार करोड ३५ लाख रुपैयाँ लाग्ने तत्कालीन हेटौंडा नगरपालिकाले अनुमान गरेको थियो ।

हालसम्म दुई करोड भन्द धेरै खर्च भइसकेको सभागृह उपयुक्त नभएको भन्दै उपमहानगरपालिकाले भत्काउने निर्णय गरेको हो । यसबाहेक अर्को समस्या पनि श्रृजना भएपछि निर्माण ककार्य प्रभाबित भएको थियो । स्थानीय बजेटले नपुग्ने र राष्ट्रिय योजनामा नपरेका कारण पनि निर्माण अलपत्र परेको हो । आठ कठ्ठा क्षेत्रफल रहेको भवनमा प्रदेशसभाको लागि आवश्यक पर्ने सत्तापक्षको लागि भवन, प्रतिपक्षी दलको कार्यालय, संसदीय समितिको लागि आवश्यक कार्यालय भवन निर्माण, मर्यादापालकको लागि भवन र पार्किङको लागि केही अपुग हुने भए पनि अन्य दृष्टिकोणले उपयुक्त हुने बताइएको थियो । तर, प्रदेश सरकारले पनि यसलाई खासै चासो नदिएपछि उपमहानगरपालिकाले अब भ्युटावरसहितको व्यापारिक भवन निर्माण गर्ने योजना अघि सारेको हो । १२ तलाको बहुउद्देशीय व्यापारिक भवन निर्माण गर्नका लागि २० मंसिर २०७८ मा उपमहानगरपालिकाले बानियाँ निर्माण सेवासँग सम्झौता गरेको थियो । व्यापारिक भवनको ठेक्का ४७ करोड ९३ लाख ७२ हजार रुपैयाँमा बानियाँ निर्माणले पारेको हो । १२ तले भवनमा दुइ तलाको अण्डर ग्राउण्ड, चारतिरबाट लिफ्ट, दुईवटा भ्याङ, सबैभन्दा माथि भ्यूटावर निर्माण गरिने योजना रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १९ गते शुक्रबार २ फेब्रुअरी २०२४ । सप्तमी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:४३ । विश्व सिमसार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# 'लघुवित्तको विकल्प छैन, मोडेल परिवर्तन गर्नुपर्छ'



✍ बसन्त लम्साल

**बैंकिङ फाइनान्सिङ पनि नहुने, आर्थिक गतिविधि पनि नहुने जस्ता कारण लघुवित्त संस्थामा भित्रभित्रै वर्षौंदेखि बढ्दै गएको समस्या एकैपटक विस्फोट भयो । यही समयमा गलत सोच भएको केही मान्छेले समस्यामा खेल्नुपर्छ भनेर सक्रिय भए ।**

लघुवित्त क्षेत्रमा अहिले काम गर्ने वातावरण नै बिग्रिएको अवस्था छ । तीन दशकदेखि सञ्चालन भएको लघुवित्त बैंकिङमाथि प्रश्न उठेको अवस्था छ । जुन वातावरणमा अझै पनि सुधार भएको छैन ।

फिल्ड र ग्राहकसँग जोडिएको विषयमा लघुवित्त संस्थाप्रतिको नकारात्मक सोचमा केही सुधार त देखिएको छ । लघुवित्तविरूद्ध प्रदर्शनहरू केही मत्थर भएका छन् । लघुवित्तविरूद्धका आन्दोलन र ठूला प्रदर्शन केही समययता भएका छैनन् । नबुझेर ऋण मिनाहा हुन्छ भनेर लागेकाहरू पनि अब बुझ्दै गएका छन् । आन्दोलन गरेर ऋण मिनाहा हुँदैन भन्ने महसुस गरेर आफ्नो काममा फर्किएका छन् । कारोबारलाई सुचारू गर्न खोजेको अवस्था छ ।

अहिले लघुवित्तले काम गर्ने वातावरणमा तुलनात्मक सुधार र सुरक्षित बनेको छ । ऋण मिनाहा हुन सक्दैन भनेर राज्यका तर्फबाट स्पष्ट धारणा आउन नसक्दा तल्लो वर्गका ऋणीमा दुविधाको अवस्था देखिन्छ । सरकारले बिस्तारै यसमा स्पष्ट बनाउला भन्ने अपेक्षा छ । वित्तीय संस्थाका तर्फबाट पनि अनुरोध गरिरहेका छौं । सरकारले स्पष्ट पारेपछि त्यसमा सुधार हुन्छ भन्ने लाग्छ ।

आर्थिक गतिविधि र कर्जा रिभकरीमा भने कति पनि सुधार भएको छैन । रिकभरीमा व्यापार-व्यवसाय गर्नेले केही तिरिरहेको भए पनि अर्थतन्त्र चलायमान भएको छैन । होटल तथा पर्यटन क्षेत्रमा तल्लो तहसम्म नै राम्रो भएको हो कि भन्ने देखिन्छ । अन्य क्षेत्रमा त्यति सुधार भएको छैन । आर्थिक गतिविधिमा सुधार नहुँदासम्म कर्जा रिकभरीमा धेरै सुधार हुने अवस्था छैन । अन्तर्राष्ट्रिय सिनारियो हेर्दा पनि अब रिकभरीको बेला आउनुपर्ने हो कि भन्ने थियो । दशैं-तिहारका बेला चाडपर्वमा आर्थिक गतिविधि वृद्धि हुन्छ, ऋणको माग बढ्छ भन्ने पहिलेदेखिको अनुमान थियो । तर, अपेक्षाअनुसार हुन सकेन ।

बैंक तथा वित्तीय संस्थाको ऋण प्रवाह नै असारपछि १ खर्ब ७० अर्ब अर्थात् साढे ३ प्रतिशतको करिब मात्रै बढेको छ । त्यसले अर्थतन्त्र चलायमान हुन सकेको छैन भन्ने देखाउँछ । नयाँ व्यवसाय र परियोजना सुरू हुने क्रम पनि त्यति देखिँदैन । बैंकमा कर्जाको माग नहुनु भनेको व्यापार व्यावसाय गर्नेहरूमा अर्थतन्त्र चलायमन हुन्छ, व्यवसाय गर्न सकिन्छ भन्ने 'कन्फिडेन्ट' छैन भन्ने देखाउँछ ।

लघुवित्तमा पनि कर्जाको माग बढेको छैन । कुनै संस्थामा बढेको देखिए पनि समग्रमा हेर्दा खासै माग छैन । त्यसको दुइटा कारण छन् । पहिले तत्काल केही काम सुरू गर्दा झनै डुबिने हो कि भनेर लगानी गर्ने मान्छे डराएको छ । ऋण लिएर लगानी गर्दा व्यापार-व्यवसाय भएन भने समस्या हुने हो की भन्ने छ । यस्तै संस्थाहरूले पनि ऋण दिन कडाइ गरेको अवस्था छ ।

दोस्रो कारण, विगतमा कर्जा सूचनाको व्यवस्था नभएको अवस्था थियो । कर्जा लगानीका लागि बढी फोर्स गरिएको थियो । अहिले यति धेरै समस्या आएपछि अब विचार गर्नुपर्छ भनेर ऋण हेरेर विचार गरेर लगानी गर्ने अवस्था बन्यो । कर्जा लगानी गर्दा मूल्यांकन, भेरिफिकेसन र प्रमाणीकरणमा बढी कडाइ गरेका छौं । जसले कर्जा विस्तार खासै भएको छैन । लघुवित्तमा सुरक्षामा सुधार भए पनि आर्थिक गतिविधिका हिसाबले धेरै सुधार भएको छैन । यद्यपि, बिग्रिएर खत्तम भएको अवस्था पनि होइन ।

### तीन दशकपछि लघुवित्तमाथि उठेका प्रश्न

नेपालमा बहुदलीय व्यवस्था पुनर्स्थापनापछि २०४८/४९ यता सुरुवात भएको देखिन्छ । बंगलादेशको ग्रामीण बैंक मोडेल र सरकारले पनि प्राथमिकता दिएको र पाँच विकास क्षेत्रमा ग्रामीण विकास बैंक सुरु गरेको थियो । निजी क्षेत्रबाट पनि सँगै आएको थियो । गरिबी निवारण र वित्तीय पहुँचका लागि सबैभन्दा राम्रो माध्यमका रूपमा प्रयोग भएको र सफल पनि भयो । सुरु भएको दुई दशकसम्म लघुवित्तको नकारात्मक कुरा धेरै आएन । करिब ३० लघुवित्त संस्था थिए । त्यतिबेलासम्म लघुवित्तले गरेको कामले सकारात्मक धारणा र काम गर्ने माहोल पनि राम्रो थियो ।

लघुवित्तले गाउँ-गाउँमा गरिबहरूका लागि काम गरेको देखिएको पनि थियो । नियमसंगत रूपमा काम गर्दै गर्दा त्यतिबेला लघुवित्तमा राम्रो मुनाफा पनि देखियो । बजारले पनि त्यसलाई फरक रूपले रेस्पोन्स गर्‍यो । नेप्सेमा सूचीकृत हुँदा सेयर मूल्य पनि धेरै नै बढ्यो । त्यसले लघुवित्तमा लगानी गर्नुपर्ने रहेछ, धेरै नै नाफा हुने रहेछ भनेर निजी क्षेत्रका लगानीकर्ताको आकर्षण बढी भयो ।

त्यस क्रममा बैंकहरूका सहायक कम्पनी, अन्य नयाँ संस्था र २३/२४ वटा गैर सरकारी संस्थामार्फत सञ्चालन भएको 'फिन्गो' मार्फत सञ्चालन भएको लघुवित्त कार्यक्रम पनि नियमन दायरामा ल्याउनुपर्छ भनेर राष्ट्र बैंकले इजाजत दियो । त्यससँगै अरू दोब्बर संस्थाको इजाजत दिएर ९०/९१ वटासम्म पुग्यो । लघुवित्त संस्थामा समस्याको सुरुवात त्यहाँबाट भयो । त्यतिबेला लघुवित्त संस्थाको बाढी नै आयो । लघुवित्तमा बढी मुनाफा खोज्ने र नाफा कमाउनुपर्छ भन्नेहरू लघुवित्तका मर्म र सिद्धान्तका कुराभन्दा नाफा खोज्न लाग्ने अवस्था बन्यो । जसले अनियन्त्रति रूपमा कर्जा विस्तार भयो । लघुवित्तमा शिकारूहरू 'पोर्टफोलियो' विस्तार गर्नुपर्छ भन्नेमा केन्द्रित भए । राष्ट्र बैंकले पनि नियामकीय दृष्टिकोणबाट संख्या बढएर प्रतिस्पर्धा बढाउनुपर्छ भनेर संख्या बढायो । संस्था दर्ता गर्ने क्रममा क्षमता कस्तो थियो र कसरी संस्था दर्ता भए भनेर पनि हेरिएन ।

जसले सर्वासधारणमा पनि सहज पैसा पाउने तथा व्यापार-व्यवसाय र घरजग्गासँग जोडिएको क्षेत्रमा लगानी गर्न अनियन्त्रित कर्जा लिने काम भयो । लघुवित्तले स्वघोषणा त गर्न लगाएको थियो । तर, डाटा सिस्टम नहुँदा कति ऋण लिएको छ भनेर हेर्न नसक्दा अनियन्त्रित कर्जा दिने र लिने काम भयो । संस्थाहरू पनि बढी नाफाका लागि लगानी बढाउने हो भन्ने अवस्थाबाट निर्देशित भए । राष्ट्र बैंकले पनि संख्या बढाएर गुणस्तर भन्दा पनि संख्यामा जोड दियो ।

यी सबै कारण समस्या सुरु भइसकेको थियो । बहुबैंकिङले गर्दा क्षमताभन्दा बढी कर्जा लिने र दिने कार्य हुँदा कर्जा भुक्तानीमा समस्या आउने नै भयो । आवश्यकता भन्दा बढी लघुवित्त संस्था भए । जब धेरै संस्था एउटा ठाउँमा एकै प्रकारको व्यवसाय गर्छन्, त्यहाँ अस्वस्थ प्रतिस्पर्धा सुरु हुन्छ । लघुवित्त संस्थामा पनि सोही प्रतिस्पर्धा सुरु भयो । यसले केही समयदेखि सुरु भइसकेको समस्यामा संस्थाको संख्या बढेसँगै लगानी पनि बढ्दै जाँदा झनै समस्या थपिँदै गयो । उक्त लगानी कहाँ जान्छ भन्ने अवस्था उत्पन्न भयो ।

कोभिडसम्म पनि लघुवित्तमा समस्या बढ्दै गए पनि अवस्था बिग्रिएको थिएन । कोभिडमा आर्थिक गतिविधि ठप्प हुँदा पनि राष्ट्र बैंकको सहज बनाउनुपर्छ भन्ने नीतिले प्रभाव देखिएन । बैंक तथा वित्तीय संस्थाले सहजै कम ब्याजदरमा पैसा दिन थालेपछि कर्जा झनै विस्तार भयो । कोभिडकै समयमा समस्याहरू सुरु भइसकेका थिए । तर, राष्ट्र बैंकले लिएका लचिलो नीतिले त्यतिबेला समस्या बुझ्न सकेन । पुनर्कर्जा कोषमा भएको भन्दा पाँच गुणा बढी पुनर्कर्जा, ब्याजदर घटाउने लचिलो नीतिले त्यतिबेला समस्या देखिएन ।

बैंकिङ फाइनान्सिङ पनि नहुने, आर्थिक गतिविधि पनि नहुने जस्ता कारण लघुवित्त संस्थामा भित्रभित्रै वर्षौंदेखि बढ्दै गएको समस्या एकैपटक विस्फोट भयो । यही समयमा गलत सोच भएको केही मान्छेले समस्यामा खेल्नुपर्छ भनेर सक्रिय भए ।

कोभिडपछि पछिल्लो चरणमा अन्तर्राष्ट्रिय रूपमा अर्थतन्त्रमा देखिएको मन्दी, केन्द्रीय बैंकले कसिलो बनाउँदै लगेको मौद्रिक नीति, आयात प्रतिबन्ध, बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तारमा नियन्त्रण जस्ता कारण आर्थिक गतिविधि कम हुँदै गयो । पैसा भनेको सर्कुलेसन हुने हो । एउटा ठाउँबाट लिएर अर्कोमा भुक्तानी हुने र चलिरहने प्रक्रिया हो ।

राष्ट्र बैंकको कसिलो नीति र आयातमा कडाइले एक ठाउँमा अवरोध हुँदा समग्र अर्थतन्त्रको 'साइकल' मा नै प्रभाव पर्‍यो । बैंकिङ प्रणालीमा लगानीयोग्य स्रोत नहुँदा लघुवित्तमा पनि लगानीयोग्य स्रोत भएन । जसले लघुवित्त संस्थाले पनि लगानी गर्न सकेनन् । त्यही क्रममा अन्य समस्या देखिँदै गए । लघुवित्त संस्थाले कर्जा कडाइ गर्दा अनौपचारिक माध्यमबाट हुने आर्थिक कारोबार मिटरब्याज जस्ता समस्या देखिन लाग्यो । पछिल्लो चरणमा आर्थिक गतिविधि कम भएर मन्दीको असर धेरै नै देखिएको छ ।

बैंकिङ फाइनान्सिङ पनि नहुने, आर्थिक गतिविधि पनि नहुने जस्ता कारण लघुवित्त संस्थामा भित्रभित्रै वर्षौंदेखि बढ्दै गएको समस्या एकैपटक विस्फोट भयो । यही समयमा गलत सोच भएको केही मान्छेले समस्यामा खेल्नुपर्छ भनेर सक्रिय भए । सर्वसाधारणहरू बुझी-नबुझी त्यही गलत सोचको पछाडि लाग्न पुगे । समस्यामा परेका आमनागरिक ऋण मिनाहा हुन्छ भनेपछि त्यही गलत सोचाइ भएकाहरूको पछि लाग्ने अवस्था बन्यो ।

एकैपटक ठूलो विस्फोट हुँदा राज्य पनि समयमै सुधार गर्न नसक्ने कमजोर देखियो । लघुवित्तमा पनि हिजोको नाफासँग जोडेर धेरै कुरा आए । पछिल्लो समस्या सञ्चालनमा भएको समस्या र ल्याप्सहरूले लघुवित्तमाथि प्रश्न गर्ने ठाउँ पनि बन्न पुग्यो ।

### संख्या बढाउने नियामकीय नीति र उच्च नाफा केन्द्रित बन्दा समस्या

२०७० सालपछि लघुवित्तमा कमजोरी भएको पक्कै पनि हो । नाफासँग जोडिने र 'क्वालिटी' भन्दा पनि संख्या विस्तारमा केन्द्रित भयो । लघुवित्त संस्था पनि बढी भए । लगानी पनि सोहीअनुसार विस्तार हुँदा बढी भयो । वार्षिक औसत ४० प्रतिशत कर्जा विस्तार भएको छ । जुन अत्यधिक धेरै हो । त्यसमा राष्ट्र बैंकको पनि कमजोरी भएको छ ।

राष्ट्र बैंकले कर्जा विस्तार धेरै भयो, यस्तो गर्न पाइँदैन भने प्रश्न गरेको भए लघुवित्त संस्था पनि हच्किने थिए । राष्ट्र बैंकले पनि संस्था दर्ता गर्ने र खुला छाडिदिँदा अनियन्त्रित रूपमा 'पोर्टफोलियो' बढाउने कार्य भयो । सोहीअनुसार शाखा बढाउने र कर्जा लगानी बढाउने तथा नाफा कमाउनेमा लघुवित्त निर्देशित भए । यसमा लगाम लाग्ने काम भएन ।

बहुबैंकिङले अहिले सर्वसाधारणमा ऋणको भार नै बढी भएको छ । ऋण लिनेले पनि लिएको ऋणको दुरुपयोग गरेको अवस्था छ । यो सबै हाम्रो समाजको वास्तविकता पनि हो । नीति नियम र कानुनलाई हाम्रो समाजले कसरी हेर्छ भन्ने पनि हो । समाजमा सबै भद्रगोल चलिरहेको छ भने मैल किन गर्न नहुने भन्ने मानसिकताले पनि काम गरेको छ । ऋण लिए पनि नेतालाई भनेर मिलाउँछु भन्ने सोच विकास भएको छ । कानुन पालना नगरे पनि हुन्छ भन्ने मानसिकताले समाजमा ऋण तिर्नुपर्छ, नियममा बस्नुपर्छ अन्यथा कानुनी कारबाही हुन्छ भन्ने डर नै भएन ।

लगानी गर्नेले पनि अनियन्त्रित लगानी गरेकै हो । तर, ऋण लिनेले पनि मैले अन्य संस्थाबाट ऋण लिएको छैन भनेर स्वघोषणा गर्दै ऋण लिइरहेको छ । उसलाई आफ्नो ऋण तिर्ने क्षमता कति हो र क्षमताभन्दा बढी ऋण लिएको छु भन्ने पनि थाहा छ । आन्दोलनमा नेतृत्व गर्ने मान्छेहरू पढेलेखेका समाजका परिचित अनुहार छन् । उनीहरूलाई ऋण लिएपछि तिर्नुपर्छ भन्ने थाहा छैन ? उनीहरूले नै मलाई किन ऋण दिएको भनेर प्रश्न गरिरहेका छन् । एउटा व्यवसायका लागि भनेर लिएको ऋण अन्य प्रयोजनमा खर्च गर्दा त्यसले प्रतिफल दिएन । यसले पनि समस्या सिर्जना गरायो । व्यवसाय गर्न भनेर लिएको ऋण साना ठूला सबैले जग्गामा लगानी गरे । जसले अहिले समस्या आयो ।

### कोभिडले जनशक्ति क्षमता विकास रोकियो

अहिले लघुवित्तले फिल्डमा पठाउने जनशक्तिको क्षमता विकासमा पनि प्रश्न उठेको छ । हामीले जनशक्तिको क्षमता विकासमा अतिकाम गर्नुपर्ने थियो, त्यो गर्न नसकेको हुन सक्छ । कोभिडको समयमा भौतिक रूपमा समूह बैठक पनि हुन सकेन । हामीले पनि कर्मचारीको क्षमता वृद्धिमा खर्च गर्नुपर्ने ३ प्रतिशत खर्च गर्न राष्ट्र बैंकबाट छुट पायौं । राष्ट्र बैंकले त्यतिबेला कर्मचारी तालिममा गर्नुपर्ने खर्च पछि गर्दा हुन्छ भनेर 'लिभरेज' दियो ।

समग्र संरचनामा नै समस्या भए पनि कर्मचारी क्षमतामा मात्रै जोडिँदैन । कर्मचारीको क्षमता विकास एउटा कारण होला । तर, क्षमता भए पनि माथिको हाकिमले टार्गेट दिएपछि बुझेर वा नबुझेर पनि निर्देशन पालना गर्नुपर्ने हुन्छ । थोरैले मात्रै यो काम मैले गर्नुहुँदैन भनेर स्वमूल्यांकन गर्ने हुन्छ । एग्रेसिभ व्यवसाय विस्तार फिल्ड स्टाफले चाहेर मात्रै हुने होइन । सञ्चालक समितिले व्यवस्थापन समिति र व्यवस्थापन समितिले तल्लो तहमा निर्देशन दिने हो । हाकिमले एउटा टार्गेट दिएपछि त्यसमा तर्क वितर्क गर्नेभन्दा पनि कमीचारीले त्यसलाई पूरा गर्न लाग्छ । नाफासँग जोडिने र छिटो पूँजीकरण गर्ने भन्ने हिसाबले संस्थाहरूका तर्फबाट काम भयो । ऋणीले पैसा लिए पनि अन्यत्र लगानी गरेर नाफा कमाउँछु जसरी खर्च गरे पनि गर्छु भन्ने भयो ।

नियामकबाट पनि लघुवित्तमा के नै हुन्छ र भन्ने हिसाबले राम्रोसँग अनुगमन र निर्देशन भएन ।

### मोडेल परिवर्तन गर्नुपर्छ

अहिले लघुवित्तमा देखिएको संकट र लघुवित्तमाथि उठेको प्रश्नले आमलघुवित्त कसरी अगाडि बढ्ने भनेर सोच्नुपर्ने अवस्था आएको छ । लघुवित्तको आफ्नो मोडेल र काम गर्ने तरिका नै परिवर्तन गर्नुपर्ने समय आएको छ । समूह र सामुहिक जमानीमा कर्जा दिने बंगलादेशी मोडेल अब 'फेजआउट' भयो । हिजो हाम्रो समाजको संरचना उक्त मोडेल सुहाउँदो थियो । तर, अब हाम्रो समाजको संरचना त्यस्तो रहेन । जसले गर्दा उक्त मोडेल अब परिवर्तन गर्नुपर्छ । हिजो एउटा छिमेकीले अर्को छिमेकीलाई विश्वास गर्ने अवस्था थियो । हिजो समाजमा एकता थियो । अहिलेको समाज त्यस्तो छैन । हरेकले आफ्नोबारे मात्रै सोच्ने अवस्था बनेको छ ।

सामाजिक एकतामा भएको परिवर्तनसँगै लघुवित्तको मोडेलमा पनि परिवर्तन गर्नुपर्ने अवस्था आएको छ । नेपालमा अझै पनि वित्तीय पहुँच नपुगेका धेरै ठाउँ छन् । दुर्गम जिल्लामा वित्तीय पहुँच अझै पनि पुग्न सकेको छैन । तराईका जिल्लामा मिटरब्याजी जस्ता समस्या आउनुको कारण वित्तीय पहुँच नपुग्नु वा उनीहरूसँग वित्तीय सेवाका लागि आवश्यक डकुमेन्ट छैन । लवघुवित्तले काम गर्नुपर्ने ठाउँ र क्षेत्र अझै धेरै छ । तर, अहिलेको मोडलले काम गरेर हुँदैन । लघुवित्तले हिजो गरेकै काम गर्नुपर्छ भन्ने पनि छैन । त्यसलाई परिष्कृत रूपमा अगाडि बढाउन सकिन्छ ।

कृषिमा यति ठूलो सम्भावना छ । कृषिमा यतिसम्मको फाइनान्सिङ लघुवित्तबाट मात्रै गर्ने भन्न सकिन्छ । लघुवित्तलाई पनि कसिलो नियमन र वित्तीय मध्यस्थता शुल्क यति लिन पाउने भनेर तोक्न सकिन्छ । त्यो गर्नु पनि पर्छ । वाणिज्य बैंकले १ लाख पनि लगानी गर्ने र अर्बको पनि लगानी गरेको छ । त्यो कसरी व्यवस्थापन गर्न सक्छ ? वाणिज्य बैंकको नेचर र उदेश्य नै फरक हो । नीतिगत रूपमा यो नमिलेको जस्तो लाग्छ ।

लघुवित्तको आफ्नो भविष्य छ कि छैन भन्ने प्रश्न पनि छ । तर, अहिले पनि गाउँमा ५/७ लाख वा १० लाख ऋण चाहिने र धितो राखेर बैंकबाट ऋण लिन नसक्ने धेरै नागरिक छन् । उनीहरूलाई वित्तीय स्रोत प्रदान गर्न लघुवित्तको विकल्प तत्कालका लागि छैन ।

गाउँ-गाउँमा वित्तीय स्रोत उपलब्ध गराउने अर्को माध्यम राम्रोसँग चलेको थियो भने सहकारी पनि हुन सक्थ्यो । तर, सहकारी भनेको एउटा समुदाय केंद्रित संस्था भयो । त्यसले ठूलो संख्यालाई सेवा दिन सक्दैन। सहकारीमा पनि पछिल्लो चरणमा संस्थागत सुशासनका विषय धेरै नै उठेका छन् । नियमन भएन भन्ने कुरा आएको छ ।

राष्ट्र बैंकले नियमन गरेको, एउटा सिस्टममा बसेको र अहिलेको समस्या जे भए पनि नेटवर्कको हिसाबमा गाउँमा पुगेर सेवा दिन सक्ने माध्यम भनेको लघुवित्त संस्था नै हो । भोलिका दिनमा योभन्दा राम्रो संस्था र मोडेल परिकल्पना गर्छौं भने छुट्टै कुरा भयो । लघुवित्तमा पनि आजको भन्दा फरक मोडेलमा जानुपर्छ ।

ग्रामीण बैंकको समूहको मोडेल राष्ट्र बैंकको प्रतिवेदनले पनि परिवर्तन गर्नुपर्छ भनेको छ । यो सान्दर्भिक छ । अहिलेको समूहगत मोडेललाई कायम राखेर व्यक्तिगत रूपमा कर्जा दिने मोडेलमा पनि सोच्नुपर्छ । अन्य मुलुकमा पनि आफूले लिएको कर्जाको जिम्मेवार व्यक्ति नै हुने हो । व्यक्तिगत डाटाबेस सबैको भए पनि राज्यको नजरबाट टाढा जान सक्दैन ।

व्यक्तिको क्षमता, क्रेडिट इतिहास हेर्दा व्यक्तिगत कर्जा किन नपत्याउने ? तर, हाम्रोमा ट्र्याकिङ सिस्टम नै प्रभावकारी भएन । डकुमेन्टेसन र आइडेन्टिफिकेसन प्रभावकारी हुने हो भने ५/७ लाखसम्मको कर्जा व्यक्तिगत रूपमा नै दिन सकिन्छ । पछिल्लो अध्ययन र सर्वेक्षणले पनि त्यसलाई प्रमाणित गरेको छ । बदलिँदो सामाजिक परिवेशले पनि लघुवित्त मोडेल परिवर्तन गर्नुपर्छ भन्ने देखाउँछ । कार्यक्षेत्रका हिसबले पनि लघुवित्तलाई अलि बढी ठाउँ दिनुपर्छ र दिन सकिन्छ भन्ने लाग्छ ।

(साभार: अनलाइनखबर)

# मनहरी महोत्सवमा जितुको गीतमा झुमे दर्शक

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा चलिरहेको मनहरी महोत्सवको दोस्रो दिन महोत्सवमा उपस्थित दर्शक गायिका जितु लोप्चनलगायतका कलाकारको गीतमा रमेका छन् ।

विशेष गरी लोप्चनका सेलो तथा आधुनिक गीतमा दर्शक रमाएका थिए । तामाङ समुदायको बाहुल्यता रहेको पश्चिम मकवानपुरको मनहरी बजारस्थित खोलाकिनारमा आयोजना भएको महोत्सवमा तामाङ सेलो गाउन आइपुगेकी लोप्चनले 'कालेकाले नक्कले केटाको हेराइ बेइमानी', 'कति बस्छौ टिकटकको लाइभमा', लगायत गीतहरु गाएकी थिइन् । उनले बीचबीचमा तामाङ भाषाको सम्बादसँगै गीत गाइरहँदा मनहरीबासी दर्शक झुम्मिएका थिए ।

साँझपखको चिसो मौसमलाई गायिका लोप्चनले गर्मागर्मी बनाइरहँदा दर्शक, स्रोताले नाँच्दै हुटिङ गरेर साथ दिएका थिए । लोप्चनको प्रस्तुति अघि नेपालकै पहिलो चेपाङगायक रविनकुमार चेपाङको प्रस्तुति रहेको थियो । उनले दर्शकलाई उत्साहित बनाउँदै



आफूले गाएको र दिल्लीमा आयोजित कार्यक्रममा एवार्ड पाएको 'रक्सी लोहाङ, बेरती' लगायतका गीत तथा सर्लाहीको भरतताल सम्बन्धमा बनाइएको नयाँ गीत प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कलाकार गणेश चेपाङ, देवराज चेपाङ, सन्देश चेपाङ तथा सूर्य मुक्तानले मन्चमा दर्शकलाई भरपूर मनोरन्जन दिएका थिए । गायनसँगै आस्था कलाकेन्द्रका कलाकारले विभिन्न नयाँ पुराना लोकआधुनिक गीतमा नृत्य प्रस्तुत गरेका थिए । महोत्सवको दोस्रो दिन उत्साहपूर्ण ढंगले सांस्कृतिक कार्यक्रमसहित अवलोकनकर्ता बढ्ने क्रममा रहेको आयोजक मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिले जनाएको छ ।

महोत्सवमा माघ १६ गते व्यवस्थापन गर्न नसकिएका कतिपय स्टल व्यवस्थापन हुँदै गएका छन् । माघ १६ गतेदेखि सुरु भएको महोत्सव माघ २८ गते समापन हुनेछ । स्टलमा दैनिक उपभोग्य सामग्री, घरेलु सीपद्वारा निर्मित फलामे औजार, कृषिउपज, कपडा, इलेक्ट्रोनिकस, होटललगायत १५० वटा स्टल छन् । चेपाङको परम्परागत घर प्रदर्शनी र बनकरिया समुदायबाट उत्पादित साबुन बिक्रीलाई समेत महोत्सवमा जोड दिइएको छ ।

# लोकतन्त्रवादी चेपाङ संघको अध्यक्षमा सन्त मनोनित



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ नेपाली कांग्रेसको भातृसंस्था नेपाल लोकतन्त्रवादी चेपाङ संघ केन्द्रीय तदर्थ समितिको अध्यक्षमा मकवानपुरका सन्तबहादुर चेपाङ मनोनित भएका छन् ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको सोमबार ललितपुरस्थित पार्टीको केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार चेपाङलाई केन्द्रीय तदर्थ समितिको अध्यक्षमा मनोनयन गर्ने निर्णय गरेको हो । महासंघको विधान २०७९ को परिच्छेद २ को धारा ४ को उपधारा (क) बमोजिम लोकतन्त्रवादी चेपाङ संघको तदर्थ समिति गठन गरिएको हो ।

बागमती प्रदेशका भौतिक पूर्वाधार विकास पूर्वराज्यमन्त्री सन्त चेपाङको अध्यक्षतामा गठित संघले लोकतन्त्रवादी आदिवासी जनजाति महासंघसँग समन्वय गरी ६ महिनाभित्र केन्द्रीय कार्यसमिति विस्तार गरेर अधिवेशन गराउन भनिएको छ । अध्यक्षमा मनोनित भएसँगै अध्यक्ष सन्तले केन्द्रीय कार्यसमितिका पदाधिकारी र प्रदेश अध्यक्षसमेत मनोनयन गरेका छन् । मनोनित हुनेमा वरिष्ठ उपाध्यक्षमा चितवनका अर्जुन चेपाङ, उपाध्यक्षमा दिल्लीराज चेपाङ महासचिवमा धादिङका सुरेन्द्र चेपाङ, सचिवमा र बिन्द्रकुमार चेपाङ, कोषाध्यक्षमा धादिङका बिष्णुमाया चेपाङ र बागमती प्रदेश सभापतिमा खेमबहादुर चेपाङ रहेका छन् ।

अति सीमान्तकृत जनजातिको सूचीमा रहेका चेपाङ समुदाय देशका करिब २६ जिल्लामा बसोबास रहेको छ । विशेष गरी मकवानपुर, धादिङ, चितवन, गोरखा र लमजुङमा चेपाङको बाक्लो बसोबास रहेको छ । २०७८ सालको जनगणनाअनुसार चेपाङ समुदायको जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ । नेपाल लोकतन्त्रवादी आदिवादी जनजाति महासंघका अध्यक्ष जगत बरामको अध्यक्षतामा भएको मनोनयन कार्यक्रममा पूर्वमन्त्री दिलमान पाखिनको प्रमुख आतिथ्यता रहेको थियो ।

# हेटौंडा क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २६ औं स्थापना दिवसको अवसरमा हेटौंडा क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण गरिएको छ ।

बुधबार एक कार्यक्रम बीच असल हाइजिन प्रोडक्ट्स प्रालि र निको अस्पताल प्रालिको सहयोगमा हेटौंडा क्याम्पसलाई ३० हजार रुपैयाँ बराबरको सेनेटरी प्याड हस्तान्तरण गरिएको हो । ९० प्रतिशत छात्रा अध्ययनरत हेटौंडा क्याम्पसमा विद्यार्थीको सहजताको लागि सेनेटरी प्याड हस्तान्तरण गरिएको रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए ।

हेटौंडा क्याम्पसका अध्यक्ष समेत रहेका रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा क्याम्पस प्रमुख देवीराम लामाको प्रमुख आतिथ्यता रहेको थियो । अधिकांश छात्रा अध्ययनरत क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण गर्न पाउँदा खुसी लागेको पराजुलीले बताए । सामुदायिक रेडियोको धर्म निर्वाह गरिरहेको जानकारी दिँदै



उनले आगामी दिनमा पनि सहयोग अभियानलाई जारी राख्ने बताए । अध्यक्ष पराजुलीले सहयोगी संस्था असल हाइजिन प्रोडक्ट्स प्रालि र निको अस्पताल प्रालिलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहकार्यको अपेक्षा व्यक्त गरे ।

क्याम्पस प्रमुख लामाले सहयोगलाई सदुपयोग गर्दै छात्राको सहजतामा प्रयोग हुने बताए । कार्यक्रममा असल हाइजिन प्रोडक्ट्स प्रालिका सन्चालक वासुदेव तिमल्सिना, हेटौंडा क्याम्पस प्राध्यापक संघ अध्यक्ष भुपेन्द्र कोइराला, स्ववियु सदस्य गणेश तिमल्सिनालगायतले हेटौंडा क्याम्पसमा सहयोग गरेकोमा आभार व्यक्त गरे । कार्यक्रममा पूर्वक्याम्पस प्रमुख देवचन्द्र मानन्धर, सहायक क्याम्पस प्रमुख बालकृष्ण शर्मा र रामु कंडेल, प्राध्यापक मनोज पोखरेल, हेटौंडा ६ नम्बर वडा सदस्य विजय पौडेल, दिव्यतारा सहकारीका सह-व्यवस्थापक ईश्वरी शिल्पकार, स्ववियु सभापति अभी मैनालीलगायतको आतिथ्यता थियो ।

वार्षिकोत्सव अन्तर्गत १८ गते ओम बृद्धाश्रमलाई खाद्यान्न सहयोग, १९ र २० गते रेडियो मकवानपुर कप मिडियास्तरीय फुटसल प्रतियोगिता, २० गते मनहरी गाउँपालिका ५ मा नि:शुल्क स्वास्थ्य शिविर, २१ गते बालमैत्री नगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकला र २२ गते समापन कार्यक्रम हुनेछ ।

# रास्वपाले प्रदेश समितिको आकार घटाउने, राष्ट्रसेवक समाज बनाउने

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीले पार्टी विधानलाई संशोधन गरेर संगठन संरचना थप्ने भएको छ । जलेश्वर बैठकबाट पदाधिकारी र सचिवालय पार्टी संरचनामा थप गर्ने निर्णय गरेको रास्वपाले विधानमा संशोधन गर्न कार्यदल बनाएको थियो ।

महामन्त्री मुकुल ढकालको संयोजकत्वमा सात सदस्यीय विधान संशोधन सिफारिस कार्यदलले प्रदेश कार्यसमितिको आकारमा व्यापक कटौती गरी विधान तयार गरेको छ ।

उक्त कार्यदलमा सहमहामन्त्री कविन्द्र बुर्लाकोटी, केन्द्रीय सदस्यहरु सोविता गौतम, डा. तोसिमा कार्की, क्रान्तिशिखा धिताल, गणेश कार्की र वरिष्ठ अधिवक्ता नारायण घिमिरे सदस्य थिए ।

विधानमा 'राष्ट्रसेवक समाज' को अवधारणा ल्याइएको छ । यो संरचना केन्द्रमा भने गठन नहुने भएको छ । साथै, सबै तहका समितिलाई नियमन गर्ने गरी तहगत परिषद गठन गर्ने विधानमा व्यवस्था गरिएको छ ।

### प्रदेश समितिको आकारमा व्यापक कटौती

विधान संशोधन हुनु अघिको व्यवस्था अनुसार प्रदेश समिति ५० सदस्यीय भन्दा ठूला सक्ने व्यवस्था थियो । उक्त संख्यालाई घटाएर कार्यसम्पादन समिति बनाउन लागिएको छ । प्रस्तावित विधानमा ११ जनाको कार्यसम्पादन समिति हुने व्यवस्था गरिएको छ ।

प्रदेश समिति ठूलो भएकाले आकार घट्ने गरी नयाँ अवधारणा ल्याइएको रास्वपा सहमहामन्त्री एवं संगठन विभाग प्रमुख कविन्द्र बुर्लाकोटीले जानकारी दिए । जिल्ला सभापतिहरु कार्यसम्पादन समितिमा पदेन सदस्य हुने व्यवस्था गरिएको छ ।

यसअघिको विधानमा भएको व्यवस्था अनुसार संघीय निर्वाचनबाट २, खुलाबाट निर्वाचित ११ र प्रदेश सभापतिले मनोनित गर्ने ३ जना हुने व्यवस्था थियो ।

### नियमन गर्न सबै तहमा परिषद्

सबैभन्दा तल्लो पार्टी संरचनामा वडा तहदेखि सुरु गरी पाँचवटा तह छन् । वडा, पालिका, जिल्ला कार्यसम्पादन समिति, प्रदेश र केन्द्रीय समिति क्रियाशील छन् । यी सबै तहलाई नियमन गर्ने गरी परिषद् गठन गर्ने गरी विधानमा व्यवस्था गरिएको छ ।

परिषद् भने ६ तहमा हुने रास्वपाले जनाएको छ । केन्द्र, प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडामा गरी छ तहमा परिषद् हुने विधान संशोधन सिफारिस कार्यदल सदस्य रहेको बुर्लाकोटीले जानकारी दिए ।

केन्द्रीय महाधिवेशन पछिको दोस्रो ठूलो निकायका रुपमा परिषद् हुने रास्वपाले जनाएको छ । विधानमा भएको 'केन्द्रीय भेला'को स्थानमा परिषद बैठक हुनेछ 'भेलालाई परिषदमा बदलेर थोरै बनोटमा परिवर्तन गरेका छौं', बुर्लाकोटी भन्छन् ।

प्रत्येक संरचनामा रहेका सदस्य स्वत: परिषद्को सदस्य हुने व्यवस्था गरिएको छ । तहगत सभापति उक्त समितिको स्वत: सभापति हुनेछन् । परिषदले राय सुझाव सम्बन्धित कार्यसमिति नियमन गर्ने अधिकार छ ।

साथै, सुझाव दिन सकिने व्यवस्था पनि छ । सबै तहले गरेका निर्णय तत् तत् परिषद्बाट अनुमोदन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

वडा तहमा रिक्त पदपुर्ति गर्ने, वार्षिक गतिविधिको छलफल गर्ने, कुनै सदस्यले राम्रो कार्य गर्न नसके प्रत्याह्वान अर्थात् 'राइट टु रिकल' गर्ने अधिकार परिषदलाई छ ।

'संरचनागत कमिटीहरुलाई जवाफदेही बनाउने परिकल्पनाले परिषद्को व्यवस्था गर्न लागिएको हो', बुर्लाकोटीले भने,'सबै तहका कमिटी तत् परिषद्प्रति उत्तरदायी हुनुपर्दछ ।'

केन्द्रीय परिषद १०० जनाको हुनेछ । केन्द्रीय समिति भने १२१ जनाको हुने व्यवस्था छ । केन्द्रीय परिषद्को पूर्णता निर्वाचनबाट हुनेछ । केन्द्रीय समितिको एक अवधिमा दुईपटक परिषदका लागि निर्वाचन हुनेछ ।

पहिलो चरणमा ५० जना र महाधिवेशन आउनु ठीक आधा समय रहेको समय थप ५० जनाका लागि निर्वाचन हुनेछ । पहिलो पटक निर्वाचित भएकाहरुको अवधि पाँच वर्ष हुनेछ भने बीचमा थपिएकाहरुको अवधि पनि पाँच वर्षको हुनेछ । परिषद निरन्तर रहने पार्टी संरचनाका रुपमा विधानमा उल्लेख गरिएको छ ।संगठन विभाग प्रमुख बुर्लाकोटीका अनुसार राष्ट्रिय सभाको निर्वाचनका मोडालिटीमा परिषदका नयाँ सदस्य चयन हुनेछन् ।

पार्टी संगठनको संरचनामा रास्वपाले नयाँ संरचना खडा गर्न लागेको छ । राष्ट्रसेवक समाज गठन गर्न लागिएको छ । संशोधित विधानमा राष्ट्रसेवक समाजको व्यवस्था गरिएको छ ।

### तीन तहमा राष्ट्रसेवक समाज गठन हुने

जागरुक नागरिकलाई शुभेच्छुकका रुपमा आवद्ध बनाउन राष्ट्रसेवक समाज गठन गर्ने गरी विधान संशोधन गर्न लागिएको रास्वपाले जनाएको छ ।

वडा, पालिका र जिल्ला गरी तिन तहमा मात्रै राष्ट्रसेवक समाज गठन गरिने भएको छ । निर्वाचन क्षेत्र र केन्द्रीय तहमा भने राष्ट्रसेवक समाज गठन नहुने व्यवस्था विधानमा गरिएको छ ।

राष्ट्रसेवक समाजमा आवद्ध हुनलाई पार्टीको सदस्य बन्नुपर्ने वाध्यकारी व्यवस्था छैन । राष्ट्रसेवक समाज गठन गर्नका लागि संयोजक मात्रै पार्टी सदस्य भए हुनेछ ।

न्यूनतम सात जना देखि अधिकतम् ३३ जना सम्म हुने गरी वडा, पालिका र जिल्लामा राष्ट्रसेवक समाज गठन गर्न सकिने छ । कुनै वडामा ३३ भन्दा बढी राष्ट्रसेवक समाजमा जोडिन चाहे छुट्टै गठन गर्न पनि पाइने भएको छ ।

राष्ट्रसेवक समाजमा रहनेलाई पार्टीले सुरु गर्न लागेको 'उम्मेदवार क्लब'मा प्रवेश गर्न छेकबार नहुने व्यवस्था गरिएको छ । पार्टी संरचनामा थपिएको 'राष्ट्रसेवक समाज' शब्दावली अनुसारको भूमिका भने हुँदैन ।

पार्टीले खटाएको कार्यमा खटिनुपर्ने वाध्यता राष्ट्रसेवक समाजका सदस्यलाई हुँदैन । 'मुलुकको रुपान्तरणका लागि पार्टीमा आवद्ध नभई सहयोग गर्नसक्ने समूह हो,' सहमहामन्त्री बुर्लाकोटी भन्छन्, 'हाम्रो पार्टीका शुभेच्छुकहरु कुनै न कुनै रुपमा राष्ट्रसेवकको काममा लागि रहुन् भन्ने अवधारणा हो । भावनात्मक रुपमा राष्ट्र सेवामा जोड्न खोजेका हौं ।'

### १६५ वडामा अधिवेशन सकियो

मंसिरको अन्तिम साताबाट सुरु भएको रास्वपाको वडा अधिवेशन जारी रहेको छ । हालसम्म १६५ वडामा अधिवेशन सकिएको सहमहामन्त्री बुर्लाकोटीले जानकारी दिए । सात प्रदेश मध्ये बढी वडा अधिवेशन बागमतीमा भएको छ भने कर्णालीमा एउटा मात्रै वडामा अधिवेशन सकिएको छ ।

रास्वपाले मुख्यगरी शनिबारको दिनमा वडा अधिवेशन गरिएको छ । वडा अधिवेशन सक्ने लक्ष्य रास्वपाले चार महिनाको बनाएको छ । पार्टी संरचना नै नबनेका कारणले वडाहरुको अधिवेशन क्रमश: गुर्नपरेको रास्वपाले जनाएको छ । 'संरचना बनाएर त्यसलाई दुई महिना काम गर्न दिएर बल्ल अधिवेशन गर्दै गइरहेका छौं', सहमहामन्त्री बुर्लाकोटीले भने ।

रास्वपाका अनुसार सबैभन्दा कमजोर संगठन कर्णालीमा छ । कर्णालीमा भन्दा तुलनात्मक संगठन राम्रो सुदूरपश्चिम र मधेशमा रहेको बुर्लाकोटीले जानकारी दिए । अन्य प्रदेशमा संगठन निर्माण तीव्र गतिमा बढेको बुर्लाकोटीको दाबी छ ।

*(स्रोत: अनलाइनखबर)*

# आँचलको 'पाइपलाइन'मा थुप्रियो फिल्म

काठमाडौं/फिल्म असफल हुँदा त्यसको प्रभाव कलाकारको करिअरमा पर्ने विश्लेषण हुने गरेको छ । तर, अभिनेत्री आँचल शर्माको हकमा त्यसको ठीक विपरित देखिन्छ । गत बैशाखमा उनी अभिनीत फिल्म 'नाईं नभन्नू ल ६' प्रदर्शन भएको थियो । ब्रान्ड नामको बावजूद पनि यो फिल्म 'डिजास्टर' बन्यो, जुन आँचलका लागि ठूलो धक्का थियो । तर, यसले उनको करिअरमा भने असर पारेको छैन ।

यतिबेला आँचललाई फिल्म अफरको ओइरो छ । अहिले उनीसँग ६ वटा फिल्म छन् । अघिल्लो हप्ता मात्र फिल्म 'डिग्री माइला'को छायांकन सकाएकी उनले यसै साता दुईवटा फिल्म 'पिताम्बर' र 'दु:खी आत्मा' एकैदिन सम्झौता गरिन् । अब 'पिताम्बर'मा प्रदीप खड्का र 'दु:खी आत्मा'मा दयाहाङ राईसँग उनको जोडी बाँधिनेछ । त्यसो त 'डिग्री माइला'मा पनि उनको जोडी दयाहाङ छन् ।



उनको 'पाइपलाइन'मा 'राजमहल', 'एक मुठ्ठी बादल' र 'वर एण्ड बधु' गरी अरु तीन फिल्म पनि छन् । उनले सम्झौता गरेका प्राय: फिल्म यसै वर्ष छायांकनको तयारीमा छन् । जसले गर्दा उनलाई सेड्युल मिलाउन सकस पर्ने देखिन्छ । त्यस्तै, 'डिग्री माइला' चैत ३० गतेबाट प्रदर्शन हुँदैछ । यसको प्रचारमा पनि उनी खटिनु पर्नेछ । यसरी हेर्दा अब उनलाई छायांकन र प्रचारको चटारो पर्नेछ ।

विवाहपछि अभिनेत्रीको करिअर संकटमा पर्छ भन्ने भाष्य बनेको अवस्थामा आँचलको व्यस्तताले त्यसलाई गलत सावित गरेको छ । आफूलाई 'मेन्टल' गर्नु पनि उनीप्रति मेकरको आकर्षण नघट्नु मुख्य कारण हो । अहिले उनको 'पाइपलाइन'मा जति फिल्म अरु अभिनेत्रीसँग छैन । यसले पनि उनको माग दर्शाउँछ । अब आँचलले करिअरलाई फरक ढंगले अगाडि बढाउन खोजेको देखिन्छ ।

# 'अगस्त्य' टिजरले दर्शकलाई 'गुसबम्प्स'

काठमाडौं/केही वर्ष नेपाली फिल्ममा एक्सनको चर्को अभाव देखियो । कमेडी र लभस्टोरी फिल्म बनाउन मेकरहरु बढी केन्द्रित हुँदा एक्सन छुटिरहेको थियो । कोभिडपछि बलिउड र साउथले एक्सन फिल्मलाई प्राथमिकता दिन थालेपछि अब नेपालमा पनि त्यो लहर सुरु भएको छ । अर्को वर्ष एक्सन फिल्मको निर्माण उच्च हुने देखिन्छ । यसले नेपाली फिल्मको ट्रेन्ड नै बदल्ने विश्लेषण भइरहेको छ ।

आगामी फागुन १८ गतेदेखि प्रदर्शन हुन लागेको एक्सन फिल्म 'अगस्त्य'प्रति पनि अपेक्षा चुलिँदो छ । यसै हप्ता सार्वजनिक भएको टिजरपछि फिल्मको एक्सन र मेकिङलाई लिएर चर्चा भइरहेको छ । टिजरलाई युट्युबमा दर्शकबाट मिलेको तारिफ हेर्दा त्यसको प्रभाव बक्स अफिसमा पर्ने सम्भावना देखिएको छ । टिजर हेरेपछि धेरैले नेपाली फिल्मको लेभल बढेको भन्दै प्रशंसा गरेका छन् ।

टिजरमा सर्वाधिक तारिफ अभिनेता सौगात मल्लको भएको छ । उनको फरक-फरक लुक्स र एक्सन अवतारलाई रुचाइएको छ । कतिले फिल्मलाई हिन्दी भाषामा डब गर्न पनि सुझाव दिएका छन् भने कतिले टिजरका दृश्य र ब्याकग्राउन्ड म्यूजिकले 'गुसबम्प्स' भएको प्रतिक्रिया जनाएका छन् । टिजरले फिल्मप्रति दर्शकको अपेक्षा बढाउँदा निर्माण टिमका लागि भने



ठूलो चुनौती बनेको छ ।

सौरभ चौधरीको निर्देशन रहेको फिल्ममा सौगातको जोडी अभिनेत्री मलिका महतसँग बाँधिएको छ । फिल्मको एउटा पार्टमा उनी मानसिक सन्तुलन गुमेको चरित्रमा देखिनेछन्, जुन दर्शकका लागि 'सर प्राइज प्याकेज' हुने निर्माण टिमको विश्वास छ ।

फिल्ममा नाजिर हुसेन, प्रमोद अग्रहरी, निश्चल बस्नेत, विजय बरालको पनि अभिनय छ । यो फिल्मको दोस्रो श्रृंखला पनि निर्माण गरिँदैछ ।

# बंगलादेशविरुद्ध कहाँ चुक्यो नेपाल ?

काठमाडौं/नेपाल दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकप २०२४ को सुपर सिक्स खेलमा बुधबार बंगलोदशसँग पाँच विकेटले पराजित भयो । जितको लागि १७० रनको विजयी लक्ष्य पछ्याएको बंगलादेशले २५.२ ओभरमा ५ विकेट गुमाउँदै पूरा गर्यो ।

नेपालका स्पिनर सुवास भण्डारीले पाँच विकेट लिए पनि खेल जिताउन सकेनन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपाल ४९.५ ओभरमा १६९ रनमा अल आउट भएको थियो । नेपालका विशाल विक्रम केसीले १ सय बलमा ६ चौकासहित सर्वाधिक ४८ रन बनाए । देव खनालले ६० बलमा ३ चौकासहित ३५ रन बनाए ।

अन्य कुनैपनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । नेपाल यस खेल खेल्नुअघि नै सेमिफाइनल दौडबाट बाहिरिसकेको थियो । त्यसैले टस जितेको खेलमा नेपाल बिना दबाब उत्कृष्ट क्रिकेट खेल्न सक्थ्यो । तर नेपालले बंगलादेशविरुद्ध ब्याटिङ र बलिङ दुबैमा धेरै गल्तीहरु गर्न पुग्यो । जसको कारण सहजै खेल हारेको थियो ।

### सट बल सामना गर्न सकेन

सट बल नेपाली क्रिकेटमा ठूलो समस्या बन्दै आएको छ । बंगलादेशका बलरले सुरुवात देखी नै नेपाली ब्याटरलाई सट र बाउन्सर बलबाट तर्साएका थिए । जसको दबाबमा सम्हाल्लिन नसक्दा नेपाली ब्याटरले खराब सट खेल्न पुगेका थिए । कुनैपनि ब्याटरले सट बलविरुद्ध राम्रो प्रर्शन गर्न सकेनन् । जसको कारण नेपाल सस्तैमा अल आउट भएको थियो ।

### गुल्सनको खराब लय

गुल्सन नेपालबाट २४ ओडीआई र १४ टी-२० आई खेलेका खेलाडी हुन् । पछिल्लो एक वर्षमा उनले भारत, पाकिस्तान र वेस्टइन्डिज जस्ता ठूला टोलीविरुद्ध खेलेका छन् । उनले आजको खेलमा पनि राम्रो गर्न सकेनन् । आजको खेलमा ३ रनमा क्याच आउट भए । यसअघि न्युजिल्यान्डसँग २, पाकिस्तानसँग १८ र अफगानिस्तानसँग १ विकेट लिए ।

गुल्सन प्रमुख खेलाडी हुँदा ब्याटिङमा एउटा जिम्मेवारी लिँदै ठूलो इनिङ खेल्नुपर्ने थियो । उनी नचल्दा नेपालको मध्यक्रम ब्याटिङ थप कमजोर बन्यो ।

### तीव्र गतिका बलरको कमजोर प्रदर्शन

बंगलादेशका तीव्र गतिका बलरले कन्डिसनको भरपूर्ण फाइदा उठाएका थिए । दक्षिण अफ्रिकाको पिच बाउन्स सहयोगी हुँदा तीव्र गतिका बलरको प्रदर्शन निकै महत्वपूर्ण हुन्छ । दक्षिण अफ्रिकाको कन्डिसनमा नेपाली खेलाडी केही संघर्ष गर्दै आएका छन् ।

नेपालबाट तीव्र गतिका बलर विकेटविहीन बने । नेपालका स्पिनर सुवास भण्डारीले ८ खेलमा ४४ रन खर्चेर ५ विकेट लिए । प्रमुख तीव्र गतिका बलर गुल्सन झाले ४ ओभरमा २९, आकाश चन्दले ३ ओभरमा ४२ र दुर्गेश गुप्ताले ३ ओभरमा ११ रन खर्चिए । यदि नेपालले पावर प्लेमा दुई तीन विकेट लिन सकेको भए खेलमा केहि दबाब कायम गर्न सक्थ्यो ।

### शीर्ष र तल्लोक्रमका ब्याटरको खराब प्रदर्शन

नेपालका शीर्षक्रमका तीन ब्याटर अर्जुन कुमाल १४, विपिन रावल २ र आकाश त्रिपाठी ३ रनमा आउट भएका थिए । तर चौथो विकेटका लागि देव र विशालबिक्रम केसीले ६२ रनको साझेदारी गरेपछि नेपाल एक समय ९१-३ को अवस्थामा थियो । जहाँबाट नेपाल राम्रो योगफलमा पुग्न सक्थ्यो ।

तर तल्लोक्रमका गुल्सन झा, दीपक बोहरा र दीपेश कँडेल ३-३ रनमा आउट भए । आजको खेलमा शीर्ष र तल्लोक्रमका ब्याटरले कमजोर प्रदर्शन गरे ।

### साझेदारीको अभाव

५० ओभरको कुनैपनि खेलमा बलियो योगफलमा पुग्न एउटा ठूलो साझेदारी चाहिन्छ । देव र विशाल बाहेक अन्य कुनैपनि ब्याटरले खेलमा राम्रो साझेदारी गर्न सकेनन् । अन्य जोडीले ३० रन भन्दा माथिको साझेदारी गर्न सकेनन् । त्यसैको कारण नेपाल १६९ रनमै समेटिएको हो ।

*(स्रोत: अनलाइनखबर)*

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# गढीको दूधजन्य परिकारको बिक्री केन्द्र हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मकवानपुरगढी गाउँपालिका-३ मक्रान्चुलीस्थित मनकामना दुग्ध उत्पादक सहकारी संस्थाले सञ्चालन गरेको मनकामना दुग्ध प्रशोधन तथा उत्पादन उद्योगबाट उत्पादित दुग्धजन्य परिकारको हेटौंडा बजार बाट बिक्री सुरु गरेको छ ।




बुधबार एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले बिक्री केन्द्रको उद्घाटन गरेका हुन् । अध्यक्ष लामाले सहकारीमार्फत् उत्पादित वस्तु सुपथ र गुणस्तरीय बनाई बिक्रीकेन्द्रबाट बिक्री गर्न आग्रह गरेका थिए । कोल्डड्रिंग्स भन्दा दहीबाट बनेको मोही प्रयोगलाई प्राथमिकता राख्नुपर्ने बताउँदै दूधका परिकार प्रयोग गरी स्वस्थ्य बन्न अध्यक्ष लामाले आग्रह गरे । हेटौंडा-२ पुरानो मकवानपुररोडमा सहकारीले बिक्रीकेन्द्र सञ्चालन गरी उत्पादित वस्तु सहज र सुपथ मूल्यमा बिक्री गरिने जनाइएको छ ।

संस्थाका अध्यक्ष अर्जुन प्रसाद दाहालको अध्यक्षतामा गाउँपालिका अध्यक्ष लामाको प्रमुख आतिथ्यतामा बिक्री केन्द्रको सुरुवात गरिएको हो । कार्यक्रममा मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष अर्जुनप्रसाद देवकोटा, सहकारीका पूर्वअध्यक्ष कृष्णप्रसाद पोखरेललगायतको आतिथ्यता रहेको थियो । सहकारीले दैनिक पाँच हजार लिटर दूध संकलन गरी बिक्री गर्ने गर्दछ ।

आफ्नै उद्योगबाट दैनिक दुई हजार पाँच सय लिटर दूधको विभिन्न परिकार तयार गर्ने गरेको संस्थाका अध्यक्ष दाहालले बताए । किसानबाट संकलित दूधलाई विविधिकरण गरी परिकार तयार पारेर संस्थाबाट बिक्री सुरु गरेता पनि हेटौंडा बजारमा भने बुधबार देखि बिक्रीकेन्द्र नै सञ्चालन गरिएको अध्यक्ष दाहालले बताए । बिक्रीकेन्द्रमा दूध, दही, घ्यु, पनिर, नौनी, मोही, खुवा, छुर्पी खुद्रा तथा थोकमूल्यमा बिक्री सुरु गरिएको सहकारीका व्यवस्थापक शशी लम्सालले बताइन् । हेटौंडा बजारका उपभोक्तालाई सहजरुपमा दूध र दुग्धजन्यपदार्थ उपलब्ध गराउनका लागि बिक्री केन्द्र सञ्चालनमा ल्याइएको उनले बताईन् ।

मनकामना नामक ब्राण्डका घ्यु, दहि, पनिर, नौनी, दूध बजारमा सुपथ मूल्यमा उपलब्ध रहने व्यवस्थापक लम्सालले बताइन् । बिक्रीकेन्द्रमा दूध प्रतिलिटर ८५ रुपैयाँ, घ्यु प्रतिलिटर १२ सय, पनिर प्रतिकिलो सात सय, नौनी प्रतिकिलो ९ सय र दहि प्रतिलिटर एक सय ४० रुपैयाँ रहेको लम्सालले बताइन् । उत्पादित वस्तुहरु मकवानपुर सहित काठमाडौं, पोखरा, चितवनलगायत विभिन्न स्थानमा बिक्री हुँदै आइरहेको उनले बताइन् । ३४८ शेयर सदस्य रहेको सहकारीमा उद्योग सहित ११ जना कर्मचारी रहेका व्यवस्थापक लम्सालले बताइन् ।

# हेटौंडाका गिरी सिमराबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ प्रहरीले हेटौंडाका एक युवकलाई करिब ५ किलो अबैध लागुऔषध गाँजासहित बाराबाट पक्राउ गरेको छ । जीतपुरसिमरा उपमहानगर पालिका-७ टेढारोडबाट हेटौंडा उपमहानगरपालिका-३ बस्तीपुर बस्ने २७ वर्षीय पवन गिरीलाई गाँजासहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको प्रहरीले उनलाई गाँजासहित पक्राउ गरेको हो । प्रहरीटोलीलाई देखनासाथ एकजना व्यक्तिले झोला छाडी फरार भएका थिए ।

झोला जाँच गर्ने क्रममा अवैध लागूऔषध गाँजा करिब ५ किलो फेला पारी प्रहरीले बरामद गरेको हो । प्रहरीले हाल फरार व्यक्तिको खोजी गरिरहेको छ । यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# हेटौंडा औद्योगिक क्षेत्रका कर्मचारी आन्दोलित



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ हेटौंडा औद्योगिक क्षेत्रमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिडेडका कर्मचारी आन्दोलित भएका छन् । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापक कार्यालय, कर्मचारी संघ इकाइ समितिको अगुवाईमा बुधबारबाट सातदिनसम्म हातमा कालोपट्टी बाँधेर कर्मचारीले आन्दोलन सुरु गरेका हुन् ।

क्षेत्र व्यवस्थापक भोजराज बिनाडीले कार्यालयका कर्मचारीलाई बारम्बार अनुचित व्यवहार गर्दै आएको भन्दै आन्दोलनमा जानु परेको कर्मचारी संघ इकाई समितिका अध्यक्ष तेजराज थिङले बताए । आन्दोलनकारी कर्मचारीले कार्यालय प्रमुख विनाडीको सरुवा हुनुपर्ने माग पनि गरेका छन् । कार्यालयका अन्य कर्मचारीलाई हुकुमी शासन देखाउने, अनुचित व्यवहार गर्ने कार्यालय प्रमुखको कारण कार्यालयको दैनिक कार्यसञ्चालनमा समस्या आईपरेको संघका अध्यक्ष थिङको भनाई छ । ७ दिनभित्र कार्यालय प्रमुलाई नहटाईए आफूहरु दोश्रो चरणको आन्दोलनमा जानुपर्ने अवस्थाको सृजना हुने उनीहरुको भनाई रहेको छ ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख विनाडी भने कर्मचारीको आरोप सतप्रतिशत झुट रहेको बताउँछन् । उनले आफूलाई अनावश्यक टर्चर दिने र दुर्व्यवाहर गर्ने काम आन्दोलरत केही कर्मचारीले गरेको बताउँदै उनले केही कर्मचारीको कारण काम गर्न असहज बन्दै गएको बताए ।

# मानवबेचविखनविरुद्ध संरक्षण नीतिबारे अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मानवबेचविखन तथा ओसारपसार विरुद्ध बागमती प्रदेशस्तरीय संरक्षण नीति २०८० को प्रचार तथा आगामी कार्यदिशासम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम बुधवार हेटौंडामा भएको छ ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखाप्रमुख गोपालप्रसाद कँडेल र महिला विकास अधिकृत चन्द्रकुमारी ब्यञ्जनकार, महिला, कानून र विकास मञ्चका निर्देशक अधिवक्ता सबिन श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रम अष्ट्रेलियन एड, द एसिया फाउण्डेशन र महिला, कानून र विकास मञ्चसँगको सहकार्यमा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले आयोजना गरेको हो ।

कार्यपत्रमा मानववेचविखन तथा ओसारपसार बिरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति २०८० को प्रक्रिया, तर्जुमाको पृष्ठभूमि, विद्यमान समस्या, कार्यान्वयनको अबस्था, चुनौती, अवसरहरु, नीतिगत निर्देशक सिद्धान्त, नीतिको उदेश्य, कार्यनीति, विषयगत क्षेत्रमा सदस्यहरु, संरक्षण उपसमितिले गरेका क्रियाकलाप, हालसम्मको प्रगति, मानव बेचविखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानूनी व्यबस्थालगायत रहेको थियो । कार्यक्रममा बागमती प्रदेशका सांसद प्रेमबहादुर पुलामी, हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामालगायतको उपस्थिति रहेको थियो ।

सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखाप्रमुख कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश बालअधिकार समितिका सदस्य प्रकाश खतिवडा, गैरसरकारी संस्था महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठकलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

'मानववेचविखन तथा ओसारपसारमुक्त परिवेश, सचेत, सुरक्षित र सम्बृद्ध बागमती प्रदेश' भन्ने नारासाथ आयोजित कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसहित विभिन्न मन्त्रालय, सुरक्षा निकाय, सरोकारवाला संघसंस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको महिला, कानून र विकास मञ्चको मकवानपुर जिल्ला कार्यक्रम संयोजक अधिवक्ता ललिता श्रेष्ठले बताइन् ।

मकवानपुर जिल्लामा सक्रिय गैरसरकारी संस्थाहरु सेलर्ड, प्लान नेपाल, शान्ति फाउण्डेशन लगायतको सयुक्त पहलमा मानव वेचविखन तथा ओसारपसारबिरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति २०८० तयार पारिएको थियो । जसलाई प्रदेश सरकारले पास गरी अब कार्यान्वयनको चरणमा रहेको छ ।

# मकवानपुरगढीमा घेदुङ कार्यसमिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मकवानपुरगढी गाउँपालिकामा नेपाल तामाङ घेदुङ गढी गाउँपालिकाको कार्यसमिति गठन गरिएको छ । बुधबार गढी-२ स्थित समामुदायिक भवनमा भएको भेलामा कार्यसमिति गठन गरिएको हो ।




नेपाल तामाङ घेदुङ मकवानपुरका अध्यक्ष्य कालु घलानको प्रमुख आतिथ्यतामा भएको भेलामा ११ सदस्य कार्यसमितिमा चयन गरिएको छ । यसैगरी २ नम्बर वडाबाट अध्यक्ष्यमा सानुकान्छा थिङ, ४ नम्बर वडाबाट उपाध्यक्ष्यमा बिक्रम योन्जन, ७ नम्बर वडाबाट सचिवमा यमरत्न भुलुन, ४ नम्बर वडाबाट सहसचिवमा सोमलाल घलान, २ नम्बर वडाबाट कोषाध्यक्ष्यमा एलआर स्याङतान, सदस्यमा अन्जना तामाङ र सुरेश गोले, विकास थिङ, सूर्य रुम्बालाई चयन गरिएको छ ।

पालिकास्तरीय समितिमा १७ सदस्य रहनुपर्नेमा हाललाई ११ सदस्य गठन गरिएको नेपाल तामाङ घेदुङ मकवानपुरका सल्हाकार राजकुमार गोलेले बताए ।

# थानकोट-चित्लाङ सडक पुगे भौतिकमन्त्री ज्वाला

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला गणेशमान सिंह मार्ग (थानकोट-चन्द्रागिरी- चित्लाङ) सडक अवलोकन गर्न पुगेका छन् ।



बुधबार चन्द्रागिरी नगर पालिका मेयर घनश्याम गिरीसहित मन्त्री ज्वाला सडक अवलोकन गर्न पुगेका हुन् । बजेट अभावका कारण धराप थापेको भन्दै सरकारको आलोचना भएपछि चालु आर्थिक वर्षमै काम हुने गरी ५ करोड ९९ लाख रुपैयाँ १२ माघमा अर्थ मन्त्रालयले दिने तय भएपछि मन्त्री ज्वाला अनुगमनमा पुगेका हुन् । अर्थ मन्त्रालयले भौतिक पूर्वाधार मन्त्रालयलाई पत्राचार गरी आगामी आर्थिक वर्षका लागि सृजना हुने दायित्व बराबर रकमको स्रोत सुनिश्चित गर्दै बजेट खर्च गर्न सहमति प्रदान गरिसकेको छ ।

सडक हेर्ने डिभिजन सडक कार्यालय काठमाडौंले चालु आर्थिक वर्षका लागि २२ करोड रुपैयाँ माग गरेपनि २ करोड रुपैयाँमात्र पाएको थियो । अनुगमन र निरीक्षणपछि मन्त्री ज्वालाले बजेटको सुनिश्चितता भइसकेपछि स्तरोन्नतिले तीव्रता पाउनुपर्ने बताए । रौतहट चन्द्रपुर, बारा निजगढ, पर्सा वीरगञ्ज, मकवानपुर हेटौंडा र थाहा नगरलगायत स्थान जाने छोटो दुरीको मार्ग चन्द्रागिरी सडकमा दैनिक हजारौं यात्रु जोखिम मोलेर हिँड्ने गरेका छन् । सरकारले थानकोट-चन्द्रागिरी-चित्लाङ सडक खण्डमा धराप थापेको भन्दै सवारीचालक, यात्रु र स्थानीयले विरोध गर्दै आएका थिए ।

दैनिक हजारौंले जोखिम मोलेर यात्रा गर्नुपरेको भन्दै मकवानपुरका नेताले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर ध्यानाकर्षण गराएका थिए । जवाफमा प्रचण्डले थानकोट-चन्द्रागिरी-चित्लाङ सडक स्तरोन्नति गर्न बजेट व्यवस्थापन हुने बताएका थिए । डिभिजन सडक कार्यालय काठमाडौं प्रमुख नारायणदत्त भण्डारीका अनुसार थानकोट-चन्द्रागिरि-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो छ । २८ पुसमा चित्लाङ आउँदै गरेको जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको थियो ।

# ओलीलाई ऐतिहासिक मकवानपुरगढी अंकित मायाको चिनो

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ राष्ट्रिय युवा संघ नेपाल मकवानपुर गढी गाउँ कमिटीको नेतृत्व टोलीले नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट गरेको छ ।

भेटका अवसरमा युवाले मकवानपुरगढी गाउँपालिकामा रहेको ऐतिहासिक मकवानपुरगढी दरवारको तस्वीरको चित्र अंकित मायाको चिनोस्वरुप प्रदान गरिएको युवा संघ मकवानपुरगढी गाउँकमिटी अध्यक्ष उत्तम अधिकारीले बताएका छन् । मायाको चिनो ग्रहण गर्दै एमाले अध्यक्ष ओलीले ऐतिहासिक मकवानपुरगढीको रेखदेख तथा सुरक्षार्थ नेपाली सेनाको टुकडी खटाउनु पर्ने र विगतमा भएका ऐतिहासिक हातहतियार र तत्कालीन प्रयोगमा रहेका सैन्य सामग्रीहरु समेतको संग्राहलय स्थापना गरिनुपर्ने धारणा राखेको युवा संघ अध्यक्ष अधिकारीले बताए ।

भेटकै क्रममा अध्यक्ष ओलीले मकवानपुरगढी दरबारको अवलोकन गर्ने इच्छा भएकोले समय मिलाएर अवलोकन गर्ने बताएका छन् । भेटघाटमा युवा संघ केन्द्रीय अध्यक्ष क्षितिज थेवेको समेत उपस्थिति रहेको थियो ।


## विद्यालय स्तरीय टि-२० क्रिकेट प्रतियोगिता सम्बन्धी सूचना

यस मकवानपुर क्रिकेट संघको आयोजनामा हुन गैरहेको स्वर्गीय निरज श्रेष्ठ स्मृति दोश्रो विद्यालय स्तरिय टि-२० क्रिकेट प्रतियोगितामा सहभागिताका लागि जिल्ला भर रहेका सम्पुर्ण सामुदायिक तथा निजी विद्यालयहरुमा यो सुचना प्रकाशित गरिएको छ ।

नोट: पहिले दर्ता गर्ने १६ टिमलाई मात्र प्रतियोगितामा सहभागि गराइने छ ।

टिम दर्ता गर्ने अन्तिम मिति २०८० माघ १९ गते सम्म
टिम दर्ता शुल्क: रु ५०००।-(पाँच हजार मात्र)
सम्पर्क : सन्जोग पोखरेल (९८६५६७६५७७)

आयोजक
मकवानपुर क्रिकेट संघ
हेटौंडा, मकवानपुर

## निर्माण व्यवसायी संघ मकवानपुरको साधारणसभा सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा मिति २०८० माघ २० गते राखिएको जानकारी गराउन चाहान्छौ । साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्युहरुलाई यसै सूचनाको आधारमा कार्यक्रममा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम** :-
मिती : २०८० माघ २० गते
समय : बिहान ८.०० बजे
स्थान : मोटल एभोकाडो एण्ड आर्किड रिर्सोट, हेटौंडा २

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना